# नेचासल्यान गाउपालिकाको १३ औ  गाउसभामा उपाध्यक्ष बिनाराईद्वारा प्रस्तुत आर्थिक बर्ष २०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रम

आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरु,

यो सम्मानित सभामा आ.व.०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेका छौँ ।

संविधान सभा मार्फत संविधान जारी गरि नेपाली जनताको चाहाना अनुसार नेपालको संविधान, २०७२ जारी भई कार्यान्वयन भएको आठौं बर्षमा प्रवेश गरेको छ । संघीयताको पूर्ण कार्यान्वयनका लागि ३ तहका सरकार क्रियाशिल रहेका छन् ।

गाउँ गाउँमा सिंहदरबारको अवधारणालाई सार्थकता दिन स्थानीय सरकारले जिम्मेवार ढंगले काम गरिरहेका छन् । ठूला ठूला आपत र प्राकृतिक बिपदमा स्थानीय सरकारले खेलेको भुमिका उल्लेखनीय रहेको छ । देशभरीका स्थानीय सरकारहरुको समिक्षा गर्दा छिटपुट बाहेक जनताको बास्तविक नजिकको सरकारको रुपमा स्थानीय तहले जनउत्तरदायी कार्य सम्पादन गरेको तथ्यहरुले नै प्रमाणित गरिसकेका छन् ।

बाँकी  ४ बर्षे कार्यकालमा नेचासल्यान गाउँपालिकालाई विकास निर्माण, सेवा प्रवाह, शुसासन, जनताको जीवनस्तर उकास्न र शिक्षा क्षेत्रको स्तर बृद्धि, कृषि र घरेलु उद्योग स्थापनाको सहायताले आन्तरिक आयबृद्धिको हिसाबले नमुना पालिका निर्माणको महाअभियानमा होमिएका छौँ । यो पवित्र लक्ष्यको पुरिपुर्तीका लागि हामीसबैसँग हातेमालो गरेर अगाडी बढ्ने प्रण गर्दछौँ ।

आदरणीय सभाध्यक्षज्यू, सदस्यज्यूहरू,

***शिक्षा***

सामुदायीक शिक्षालयहरुमा विद्यार्थी तथा अभिभावकहरुको घट्दो आकर्षण र निजी विद्यालयहरुमा विद्यार्थी पलायन भएकाले गाउँ नै रित्तिएको र सरकारी शिक्षाको लगानीबाट प्रतिफल शुन्य भएको विकराल अवस्थालाई मध्यनजर गर्दै  एक वडा एक नमुना विद्यालय निर्माणको काम अगाडी बढाईने छ । जस्को लागि वडाको केन्द्रमा रहेका विद्यालयमा बाँकी विद्यालयहरु गभिने छ भने बाँकी विद्यालयहरुमा बालविकास कक्षा मात्रै चलाईने छ । गाभिएको विद्यालयलाई भौतिक रुपले सुविधासम्पन्न बनाईने छ भने कम्तिमा १ हजार विद्यार्थी अध्ययन गर्न सक्ने, अंग्रेजी माध्यममा पढाई हुने, कम्प्युटर शिक्षा, नृत्यकक्षा, पौडि, विभिन्न खेल कक्षाहरु सहितको नमुना र डिजिटल माध्यमबाट पढाई हुने विद्यालयको रुपमा विकसित गरिने छ । मर्ज गरिएको उक्त विद्यालयमा ५० जना हाराहारीमा शिक्षक शिक्षिका हुने भएकाले क्षमता र दक्षताका आधारमा विषगत र विधागत(खेल, भाषा, कम्प्युटर, नृत्य, पौडी प्रशिक्षक) आदि क्षेत्रको तालिम दिई ६ महिना भित्र दक्ष शिक्षकको रुपमा विकसित गरिने छ । टोल टोलबाट विद्यार्थी संकलनका लागि कम्तिमा २ वटा स्कुल बस ब्यवस्था गरिने छ भने १२ महिना नै सडकलाई चुस्त पार्न (जेसिवि, रोलर, ट्रयाक्टर) जस्ता निर्माण उपकरणहरु तैनाथ गरिने छ । यही अवधारणा ५ वटै वडामा लागू गरि पालिका भरि ५ वटा नमुना विद्यालय खडा गरि पढ्नकै लागि सहर जानु पर्ने बाध्यता अन्त्य गरि सहरका बोर्डिङ स्कुल भन्दा नमुना सामुदायीक विद्यालय बनाउन दीर्घकालीन योजना बनाई लागू गरिनेछ । जसको अध्यायनका लागि शिक्षाविद् तथा शैक्षिक सरोकारीत पक्ष संग थप संवाद, छलफल गरि अघि बढिने छ ।

१.नेचासल्यान गाउँपालिका वडा नं. १ र २ सल्यानमा प्राविधिक धारको शिक्षालय स्थापनाको पहल गरिने छ । कृषिमा आधारित गाउँपालिका भएकाले आधारभुत तह देखिकै पाठ्यक्रममा कृषि विषय समेट्ने गरि कार्यदल निर्माण गरि गृहकार्य अगाडी बढाइने छ ।

२. हिमाल दर्शन क्याम्पसलाई त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पस बनाउनका लागि पहल थालनी गरिने छ ।

३. विद्यालयलाई भौतिक सुविधा सम्पन्न बनाउन, गुणस्तरीय शिक्षा प्रदान गर्न र विद्यार्थीहरुलाई छात्राबृत्तिको व्यवस्था गर्न विभिन्न गैह्रसरकारी संस्थासँग सहकार्य गरी समुचित प्रबन्ध गरिने छ ।

४.सबै सामुदायीक विद्यालयहरु मध्येबाट उत्कृष्ट अध्यापन गराउने, रचनात्मक, लगनशील लगायतका मापदण्डमा आधारित रहेर मुल्यांकन गरि विद्यालयलाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिदै प्रत्येक बर्ष कम्तीमा ३ विद्यालयलाई पुरस्कृत गरि गाउँपालिकाको वेभसाईडमा फोटो सहित अपडेट गराईने छ ।

५. गाउँपालिका भित्रका विद्यालयहरुमा अनलाइन सिकाइ तथा शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिदै लगिनेछ । तथा अनलाईन अनुगमनको व्यवस्थामा जोड दिइनेछ ।

६. सामुदायीक विद्यालयको शैक्षिक स्तर अभिबृद्धि गर्न छुट्टै कार्यविधि बनाई विद्यालयका प्रधानाध्यापक प्रतिस्पर्धाबाट छनौट गरि नियुक्ती गरिने छ । शिक्षाको गुणस्तर अभिबृद्धिका लागि कार्य सम्पादन करार सम्झौता गरिने छ । विद्यालयको पठन-पाठन एवं अध्यापन कार्यको समेत नियमित सुपरिवेक्षण गरि सुधारको कार्यलाई निरन्तरता दिईनेछ ।

७.दिवा खाजामा जंक फुडको प्रयोगलाई पूर्णरुपमा निरुत्साहीत गरि स्थानीय स्तरमै उत्पादित बस्तु तथा फलफुलको प्रयोगलाई अनिवार्यता गरिने छ ।

८. विद्यालयको पुनर्निर्माण तथा भौतिक पूर्वाधार निर्माणका निम्ति गाउँपालिकाबाट अनुगमन गरि प्रतिवेदनका आधारमामात्र निर्माण/पुनर्निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

९.शिक्षक तालिम, अभिमुखीकरण कार्य संचालन गर्नका लागि सरकारी तथा गैरसरकारी संस्थाहरुसँग आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।

१०. विपि संस्कृत मावि र संस्कृत विद्यापिठलाई पुर्वी नेपालकै उत्कृष्ट संस्कृत पाठशालाको रुपमा स्तोन्नती गर्न पहल गरिने तथा गौरिशंकर गुरुकुलको निरन्तरताको लागि समन्वयात्मक भूमिका निर्वाह गरि ज्योतिष विद्या समेत अध्यापयन गर्ने शिक्षालयको रुपमा विकसित गर्न समेत पहल गरिने छ ।

११. शैक्षिक क्यालेन्डर र स्थानीय पाठ्यक्रम लागू गरिने छ ।

१२.दलित आदिबासी तथा पिछडीएको समुदायको विद्यार्थीहरुलाई विद्यालय पु-याउने र उच्च शिक्षाका लागि सहुलीयत प्रदान गर्ने नीति अवलम्बन गरिने छ ।

१३. प्राविधिकधार अन्तर्गत उच्च शिक्षा अध्ययनका लागि प्रत्येक वडाबाट उत्कृष्टताको आधारमा १/१ जनालाई उचित प्रोत्साहन रकम गरिनेछ ।

१४) ६ वटै माध्यामिक विद्यालयहरुमा फरक फरक किसिमका परम्परागत सिप प्रबर्धन कार्यक्रम संचालनको थालनी गरिने छ । उदाहरणका लागि कुनै एक विद्यालयमा चित्रा तथा डोको बनाउन सिकाउने र अर्को विद्यालयमा डाली, पातको टपरी जस्ता सामाग्रिहरु बनाउन सिकाई उत्पादन समेत गरिने छ ।

१५) विद्यार्थी तथा विद्यालयको शैक्षिक सुधार गर्नका लागि अतिरिक्त क्रियाकलाप अन्तर्गतका तहगत २ भागमा विभाजन गरि १–७ /८–१२ दुई समुहमा रहने गरि चौमासीक कार्यक्रम बनाई प्रतिस्पर्धा गराइने छ साथै सो प्रतिस्पर्धाबाट बार्षिक रुपमा बढी अंक प्राप्त गर्ने विद्यालयहरुलाई पुरस्कारको व्यवस्था गरिने छ ।

१६) सूचना तथा प्रविधिको व्यवस्थामा कक्षा १–५ लाई २ कम्प्युटर, एक प्रिन्टर, कक्षा १–८ सम्म लाई ३ वटा ल्यापटप र एक प्रिन्टर गाउँपालिकाबाटनै उपलब्ध गराइने छ भने कक्षा ८–१२ सम्म लाई आवश्यकताको आधारमा लागत साझेदारीमा उपलब्ध गराइने छ साथै अघिल्लो समयमा प्राप्त गरिसकेको विद्यालयलाई यो सुविधा उपलब्ध हुने छैन । भने मर्मतको लागी व्यवस्थापन गरिने छ ।

१७) प्रत्येक वडाबाट जनजाती, दलित, महिला, अल्पसंख्यक र विपन्न परिवारबाट उत्कृष्ट अंकको आधारमा २–२ जनालाई शैक्षिक तथा अन्य क्षेत्रमा रोजगारको अवसर प्रदान गर्न पहल गरिने छ ।

१८)अनाथ र विपन्न दलित परिवारका बालबालिकाहरुलाई कक्षा १२ सम्मको अध्ययनका लागी बार्षिक परिक्षामा प्राप्त उत्कृष्ट अंकको आधारमा बार्षिक १० जनालाई जनही १० हजार प्रदान गरिने छ ।

**कृषि तथा पशुपालन**

१) तोरी तेलमा आत्मनिर्भर बनाउन तोरी खेती गर्न प्रोत्साहन, निःशुल्क बिउ वितरण, प्राविधिक सहयोग समेत प्रदान गरि तेल पेल्न एक वडा एक तोरी मिल व्यवस्थापन गरिने छ ।

२) ***एक वडा एक कृषि प्राविधिक*** कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३) कृषि एम्बुलेन्सको व्यवस्था गरि कृषकहरुले उत्पादन गरेको कृषि उपजको बजारीकरणको सुनिश्चितता गरिने छ । पालिकामा स्थानीय कृषि उत्पादन बृद्धि गर्दै पालिकाको नाकाहरुमा आत्मनिर्भर भएका कृषिजन्य बस्तुलाई वैज्ञानिक कर प्रणाली लागू गरिने छ । कृषि उपज र पशुजन्य आयातलाई क्रमशः न्युनिकरण र स्थानीय अर्गानिक उत्पादन तथा प्रयोगमा जोड दिइनेछ ।

४ सरोकारवालाहरुसंग बृहत छलफल गरि कृषिजन्य वस्तुको लागत मुल्य निर्धारण गरि लागू गरिनेछ ।

५) कृषि उत्पादन बृद्धि गर्न बाँझो जमिनको लगत तयार गरि निजि क्षेत्रलाई लिजमा दिएर सामुहीक खेती प्रणालीलाई प्रोत्साहीत गरिने छ ।

६) कृषि बालीमा लाग्ने रोग किराहरुको रोकथाम तथा निदान, खेती प्रविधिको बारेमा जानकारी र पशुचौपायाहरुमा लाग्ने रोगहरुको उपचारका लागि टोलटोलमा कृषि जेटिए र पशु चिकित्सक खटाउने कार्यलाई निरन्तरता दिईनेछ ।

७) कृषकहरुलाई कृषि अनुदानको समुचित प्रबन्ध गर्दै नगदेबालि खेतिलाई प्रोत्साहन गरिने छ ।

८) कागती, निबुवा, सुन्तला, अम्बा, किवि, ओखर, एभोकाडो जस्ता बहुबर्षिय नगदेबालिमा उत्पादनको आधारमा अनुदानको व्यवस्थामा जोड दिइने छ ।

१०) अघिल्लो बर्षको नीति तथा कार्यक्रम अनुसार नेचासल्यान गाउँपालिका वडा नम्बर १,४ र ५ मा निर्माण गरिएको आलुचिस्यान भण्डारण केन्द्रलाई पूर्णता दिदै अन्य वडामा समेत तरकारी तथा फलफुलका लागि आवश्यकता अनुसार चिस्यान केन्द्र क्रमशः थप गरिनेछ ।

११) कृषि समुह तथा सहकारीको अवधारण लागू गरि सहकारी मार्फत कृषि कार्यक्रम गर्ने नीति अबलम्बन गरिनेछ । प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा प्रसोधन केन्द्रको स्थापना गरि उत्पादित फलफुललाई प्रशोधित गरि बजारीकरण गर्न आवश्यक व्यवस्था गरि प्रशोधन केन्द्रको संचालन व्यवस्थापनमा सहकारी संस्थासँग समन्वय गरिनेछ ।

१२) गाउँपालिकालाई कागती, अदुवा, बेसार, प्याज, लसुन, अकबरे खुर्सानी र केरा पकेट क्षेत्रको रुपमा विकशित गरि कृषिलाई निर्यातमुखि बनाईने छ । साथै अन्य मसलाबालिको उत्पादनको आधारमै प्रोत्साहन गरिनेछ ।

१३) गाउँपालिकामा कृषि तथा पशुपालनका क्षेत्रमा सहुलीयत पूर्ण ऋणका लागि राष्ट्रिय बाणिज्य बैंक नेचा शाखा र अन्य बैंकहरुसँग सम्झौता गरि उपलब्धताको लागि प्रयास गरिनेछ ।

१४) पालिकालाई माछा र मासुमा थप आत्मनिर्भर बनाउन स्थानीय तह, प्रदेश र केन्द्र सरकारसँगको समन्वयमा माछापालन, भेडा, राँगा, बाखा, बंगुर पालन, कुखुरा र कालिज फर्महरु संचालन गर्न अनुदानको व्यवस्थाका लागि पहल गरिने छ ।

१५) एक कृषक परिवारले बाखा पालनमा न्यूनतम १२ वटा वा माउबंगुर ५ वा ३ वटा दुहुना भैसी र १ हल गोरु पालन गर्नेलाई कार्यविधी बनाई उचित प्रोत्साहन गरिनेछ ।

१६) रैथाने जातको विउबिजन संकलन गरि कृषि शाखाबाट वितरणको प्रबन्ध मिलाईने छ । बेमौसमि खेतिलाई प्रबर्धन गर्न कृषकहरुलाई टनेल वितरण कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ ।

१७) सुक्खा जमिनमा सिचाईको बैज्ञानिक व्यवस्थापन गरि अर्गानिक कृषि उत्पादनको लागि कृषकहरुलाई प्रोत्साहित गरिन्छ ।

१८) तुईन्टार क्षेत्रमा मरिच, भुईकटहर र अन्य क्षेत्रमा चिया र कफि जस्ता नगदेबालि खेतिमा प्रोत्साहनको व्यवस्था गरि उत्पादन बढाउन प्रेरित गरिने छ ।

१९) परम्परागत कृषिलाई यान्त्रीकरण गरी व्यवसायीक बनाउन विभिन्न वडाहरुमा लागत साँझेदारीमा आधारित हाते ट्र्याक्टर, गहुँ कुट्ने मेसिन र मकै छोड्याउने मेसिन वितरण गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

२०) कृषि तथा पशुपालन ब्यावसायलाई प्रतिस्पर्धात्मक र उत्पादनमुलक बनाउनको लागि बिभिन्न प्रदर्शनी तथा प्रतियोगिताहरु संचालन गरिनेछ ।

२१) प्रत्येक वडामा रहेका पुरानो कुलो मर्मत तथा नयाँ निर्माण, व्यवस्थापन गर्न पहल गरिने छ ।

२२) पालिकाका हरेक क्षेत्रमा पर्याप्त मात्रामा फल्ने स्कुस करेलाको उत्पादन बढावा र ब्राण्डिङ गरि बजारीकरणमा विशेष भूमिका निर्वाह गरिने छ ।

***स्वास्थ्य***

१. ज्येष्ठ नागरिक, गर्भवति महिला, अशक्त, अपांगतालाई घर घरमा स्वास्थ्य उपचार सेवा प्रदान गरिने कार्यलाई निरन्तरता दिँदै उक्त सेवा ५ बर्षमुनिका बालबालिका लाई समेत थप गरिनेछ ।

२. आवश्यकताका आधारमा पालिकाका विभिन्न स्थानमा आँखा, दाँत, पाठेघर सम्बन्धि रोगको निदानका लागि स्वास्थ्य शिविर संचालन गरिनेछ ।

३) प्राथमिक स्वास्थ्य केन्द्रलाई प्राथमिक स्वास्थ्य केन्द्रकै रुपमा राखी आधारभूत अस्पताल स्थापनाका लागी प्रकृया अघि बढाइने छ ।

४)सुत्केरी महिलालाई ओखलढुंगा तथा सोलुखुम्बु जिल्ला भित्रका स्वास्थ्य संस्थामा जान एक तर्फी निःशुल्क एम्बुलेन्स सेवा दिईरहेकोमा उक्त सेवा ७० बर्ष नाघेका ज्येष्ठ नागरिक र ५ बर्षमुनिका बालबालिकालाई समेत प्रदान गरिने छ ।

७) संघीय/प्रदेश सरकारसँगको समन्वयमा/साझेदारीमा **हेलि एम्बुलेन्स** कार्यक्रम संचालन संचालनका लागि पहल गरिनेछ ।

७) **"स्वस्थ्य नागरिक-समुन्नत पालिका"** भन्ने मूल नाराका साथ नागरिकलाई सुरक्षित र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

८) सुत्केरी महिलालाई पोषणको आपुर्तीका लागि **कोशेली कार्यक्रम** लाई निरन्तरता दिईने छ भने सुत्केरीलाई नियमित स्वास्थ्य जाँच तथा उपचारको व्यवस्था मिलाईने छ ।

९) ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१०) गम्भीर तथा आपतकालिन अवस्थाका विरामीहरुलाई गाउँपालिकाको स्वास्थ्य उपचार कोषबाट सहयोग गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

११)स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंमसेविकालाई पुर्नताजगी तालिमको व्यवस्था गरिनेछ र प्राप्त गरिरहेको सुविधामा केही थप सुविधको व्यवस्था गर्न पहल गरिनेछ ।

१३) Positive discrimination package /सकारात्मक विभेद नीति (लक्षीत बर्ग महिला, दलित जनजाती बिपन्न बर्ग) लाई समताको आधारमा सेवा प्रवाहमा जोड लिइने छ ।

१५) नेचासल्यान गाउँपालिका मै पोष्टमार्टम गर्ने/गराउने व्यवस्थाका लागि आवश्यक पूर्वाधार तथा जनशक्ति व्यवस्थापनका निम्ति सम्बन्धित निकायमा समन्वय गरिनेछ ।

१६) कपडाको पून:प्रयोग गर्न सकिने स्यानिटरीप्याड र बच्चाहरुको लागि डायपरको प्रयोगलाई प्रोत्साहित गर्दै उक्त सामाग्री निर्माणका लागि सिप विकास तालिमको समेत व्यवस्था गरिनेछ ।

**भौतिक पूर्वाधार विकास (भवन, सडक, यातायात)**

१) मानवीय दैनिकीसँग जोडिएका ग्रामिण सडकहरुलाई स्तरोन्नती गर्दै लगिनेछ । पालिकाले निर्माण सम्बन्धि सम्पूर्ण उपकरणहरु आफै खरिद गरि कम लागतमा गुणस्तरीय सडक बनाईनेछ । हाल भइरहेको जेसिबि एक्सचेन्ज गरि नयाँ ल्याईने छ भने एउटा ट्र्याक्टर र एउटा रोलर खरिद गरिनेछ ।

२) खनिएका सडकको संरक्षण तथा दिगो संचालनका लागि सडक निर्माणका बखत खडा गरिएको उपभोक्ता/निर्माण समिति नै सडक विभागलाई हस्तान्तरण नगरुन्जेल सम्मका लागि सडक रेखदेख तथा संरक्षण समितिको रुपमा रुपान्तरित गरिनेछ भने ठेक्काबाट बन्ने सडक क्षेत्रमा भने सहजिकरण समिति निर्माण गरि सोही समितिलाई संरक्षणको जिम्मेवारी दिईने छ ।

३) सुविधासम्पन्न प्रशासनिक भवनको निर्माणको काम अगाडी बढाईने छ । साथै निर्माणाधिन वडा कार्यालय सम्पन्न गराउन ताकेता गरि, वडा नं २ र ३ को कार्यालय निर्माणका लागि पहल गरिनेछ ।

४) गाउँपालिकाको पालिका स्तरीय सडक नेचाबतासे-नाम्लो-शिव मन्दिर-खालिङ गाउँ-तिनकन्यासम्मको सडक स्तरोन्नती गरिनेछ ।

५) प्रदेश र संघ सरकारसँग समन्वय गरि नेचासल्यान दाल्दु खोला खाल्पा देउपुजे देखी फेदी-दोदी-छितापातल-नेचाबतासे हुँदै विहीबारे सडक र विहीबारे देखि गैरी हुँदै ओखलढुंगा जोड्ने सडक कालो पत्रेको काम अगाडी बढाउन सम्बन्धित निकायमा समन्वय गरीनेछ ।

६) गाउँपालिका भित्र भएका सडकको बर्गिकरण गरि क्रमश: स्तरोन्नती गर्दै लगिनेछ ।

(७) मानवीय जोखीम न्युनीकरण गर्न र सहज आवात जावतको लागी खोला खेल्सीहरुमा काठे पुलको निर्माण गरिनेछ ।

८) नेचासल्यान गाउपालिका भित्र रहेका सडक क्षेत्रमा रहेका यातायात आवागमनमा असर गर्ने रुख/हाँगा, झाडि, बुट्यान आदी हटाउन स्थानीयवासीहरुलाई जागरुक गराईने तथा आवश्यक कार्यक्रम ल्याइनेछ ।

**शहरी विकास**

१. जग्गाको भु-वर्गिकरणको मापदण्डलाई पुर्ण लागू गरिनेछ । गाउँपालिकामा भवन निर्माण संहिता मापदण्ड (कार्यविधि) बनाई लागू गरिनेछ ।

४.गाउँपालिका क्षेत्रभित्र क्रमागत रहेका बिभिन्न संस्थागत भौतिक संरचनाहरुको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

५ संघीय सरकार, प्रदेश सरकार तथा दातृ निकायहरुको साझेदारीमा पालिकाका सडकहरुमा हरियाली कायम गर्न सडकको छेउमा बहुबर्षे फल दिने प्रजाती (ओखर, एभोकाडो आदि) का विरुवाहरु रोप्ने कार्यलाई अगाडी बढाईने छ ।

७) विहिबारे बजार, त्रिवेणी चोक, बुधबारे बजार जस्ता परम्परागत बजार बस्ने ठाउँलाई बजारीकरण तथा शहरीकरण गर्दै सेवा सुविधायुक्त स्मार्ट भिलेजको रुपमा विकासका निम्ती पहल गरिनेछ ।

आदरणीय सभाध्यक्षज्यू,

**संस्कृति तथा पर्यटन**

१. गाउँपालिकाभित्र नयाँ घर निर्माण गर्दा ग्रामिण मौलिकता झल्किने किसिमका घरहरु बनाउन प्रोत्साहित गरिनेछ ।

२. कार्यालयबाट तयार गरिएको पर्यटन गुरुयोजनालाई आवश्यकताको आधारमा परिमार्जन गरि गाउँपालिका भित्रका विभिन्न स्थानहरु, तुइन्टार, फुर्के जम्दीपार्क, चिसापानी गैरी, आहाले, भेडिखोर काँचोपाते, गौरीटाप हुदै पिके जोड्ने माथिल्लो पर्यटन पदमार्ग र तुइन्टार, चर्पु, बिहिबारे, ठाँटीडाडा सल्यान हुदै थुलुङ दुधकोशीको देउसा बुडीडाँडा हुँदै सगरमाथा जोड्ने तल्लो पर्यटन पदमार्गको विस्तृत लागत प्रतिवेदन ( डिपिआर) तयारी गरिनेछ साथै गुरुयोजनामा तय गरिएका कार्यक्रम संचालनका निम्ति नेपाल पर्यटन बोर्ड, टान, पर्यटन व्यवशायी र अन्य निजी क्षेत्रसँग साझेदारी गरिनेछ ।

३)नेचासल्यान गाउँपालिकाको पर्यटन क्षेत्रको विस्तारकालागी पालिका भित्रका विभिन्न क्षेत्रमा इको पार्क, होम स्टे, रिसोर्ट, होटल, फुलबारी, पिकनिक स्थल, मुर्ति र मनोरन्जन पार्कको रुपमा विकास गर्नको लागि विस्तृत लागत प्रतिवदेन (डिपिआर) तयार गरिनेछ ।

४) यस गाउँपालिकालाई पदमार्ग पर्यटनका अतिरिक्त कृषि र पर्याय पर्यटन गन्तब्यको रुपमा विकसित गरिनेछ ।

५) यहाँको भाषिक, जातीय तथा सांस्कृतिक विविधताको संरक्षण गरि मौलिक संस्कार र संस्कृतिलाई पर्यटन सँग जोडिनेछ । विभिन्न जात जातीहरुको भाषा धर्म, सस्कार सस्कृति भेषभुषाको जर्गेना गर्दै सांस्कृतिक पुरातात्विक संग्रहालय निर्माण गर्न पहल गरिनेछ ।

६)बहुसास्कृति संग्राहालय निर्माण गर्नका लागि आवश्यक प्रक्रिया अघि बढाइने छ । साथै सुनौलो विहानी सास्कृतिक संग्राहालय निर्माण गर्न प्रक्रिया अघी बढाइनेछ ।

७) सामुदायीक तथा निजी तवरबाट निर्मित मठमन्दिर, भुमे, गुम्बा, देवालय लगायतका धार्मिक सम्पदाहरुको निर्माण, मर्मत तथा संरक्षणलाई प्राथमिकता दिईनेछ ।

५) शैक्षिक पर्यटन, धार्मिक/सांस्कृतिक पर्यटनको यथोचित विकास गर्दै यस गाउँपालिकालाई अध्ययन केन्द्रको रुपमा विकास गर्न पहल गरिनेछ ।

८) गाउँपालिकाको फुर्केमा लागत साझेदारीमा आधारित रहेर **जीपलाईन निर्माणको संभाब्यता अध्ययनको कार्य थालनी गरिनेछ** ।

९)नेचासल्यानको थामडाँडा औद्योगीक क्षेत्रको स्थापना, सञ्चालन तथा व्यवस्थापनको लागी पहल गरिनेछ ।

१०) नेचासल्यान ४ को पोखरे स्थित हावा आउने ओडारको संरक्षणको व्यवस्था गरिनेछ ।

## खानेपानी तथा सरसफाई

१) गाउँपालिकाका वडा तथा वस्तिमा भएको पिउने पानीको चरम समस्यालाई मध्यनजर गरि घरघरमा स्वच्छ पिउने पानीको प्रबन्ध गर्न बृहत र ब्यवस्थित योजना संचालन गरिनेछ । भईरहेका पानीका मुहानहरुलाई ब्यवस्थित गरि पालिका भरि कम्तिमा ३ वटा (सल्यान, बतासे र वेतघारी) वितरण ट्यांकी निर्माण गरि पानी आपुर्ती गराईने छ । उक्त कार्यलाई अभियानकै रुपमा अगाडी बढाउन अबको २ बर्ष नेचासल्यानको पिउने पानी बर्ष घोषणा गरि तत्कालको लागि सम्भाब्यता अध्ययन र डिपिआर तयार गरी अर्को एक बर्ष भित्र तीनै तहका सरकारको संयुक्त समन्वयमा पिउने पानीको समस्या समाधान गर्न ईमान्दार प्रयत्न गरिनेछ । साथै स्रोत पर्याप्तताको आधारमा एक घर एक धारालाई निरन्तरता दिइने छ ।

२) फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ साईडलाई थप ब्यवस्थीत गरि पालिका भित्रका मुख्य बजार/टोलबाट फोहोर संकलनलाई निरन्तरता दिदै फोहोरको दिगो व्यवस्थापनका लागि नागरिक, टोलसुधार समितिलाई सक्रिय गराईनेछ ।

४) गाउँपालिकालाइ सिसा/वोतलमुक्त बनाई सफा पालिका निर्माणको अभियानलाई निरन्तरता दिईने छ ।

५) बजार क्षेत्रमा ढल निकासको कार्यलाई प्राथमिकताका साथ व्यवस्थित गरिनेछ ।

६) पुराना ढुंगेधारा, कुवा र पधेँराहरुको संरक्षणका लागि प्रयत्न गरिनेछ ।

७) वजार क्षेत्रमा निर्माण भएका नीजि तथा व्यवसायिक भवनहरुको ढल निकासीका लागि सेफ्टी ट्याङकी व्यवस्थित भए नभएको अनुगमन गर्न संयन्त्र निर्माण गरिनेछ भने सेफ्टी ट्याङक निर्माणलाई प्रोत्साहन गरिनेछ ।

## ऊर्जा तथा सिँचाइ

१) नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरि प्रत्येक नागरिकको घरघरमा बत्ती पु–याउने र बिद्युत गृह निर्माणबाट प्रभावित भएका क्षेत्रमा सम्बन्धित निकायबाट सामाजिक उत्तरदायित्वको कार्य गराउन समन्वय गरिनेछ ।

२) विपन्न, दलित, एकल पुरुष, एकल महिला र अल्पसंख्यक घर परिवारका व्याक्तीलाई घरायसी विद्युतीय उपकरणहरु जडानका लागी दिइदै आएको सहयोगलाई निरन्तरता दिइनेछ ।

३) साना तथा घरेलु उद्योग, कृषि तथा पशुपालन गर्ने कृषक, समुह तथा फर्मलाई कार्यविधी बनाई विद्यूत महसुलमा सहुलीयत दिइने छ ।

४) मुख्य व्यापारिक केन्द्र विहीबारे बजार, सल्यान बुधबारे तथा मुख्य मुख्य सडक मार्ग र चोकहरुमा विद्युतीय सडक बत्ति राख्ने कार्यलाई विभिन्न निकायसँगको समन्वयमा अगाडी बढाउन पहल गरिनेछ ।

५) खेतीपाती गरिने क्षेत्रको जमिनमा सिंचाई सुविधा विस्तार गर्नका लागि आवश्कताका आधारमा क्षेत्र छनौट गरि योजना सञ्चालन गरिनेछ । सिचाइ योजना छनौट गर्दा सवै वडा समेटिने, वाली विविधीकरण, व्यवसायीकरण आदीलाई ध्यान दिइनेछ ।

**सूचना, सञ्चार तथा प्रविधि**

१) गाउँपालिकाका हरेक वडाकेन्द्र र सार्वजनिक मुख्य स्थानमा फ्रि वाईफाई जोनको ब्यवस्था गरिएकोमा उक्त सेवालाई निरन्तरता दिईने छ ।

२) गाउँपालिका तथा वडाबाट प्रवाह गरिने सेवालाई प्रविधियूक्त बनाउदै संघिय सरकारले तय गरेका सम्पूर्ण कार्यहरु अनलाईन प्रविधि मार्फत सम्पादन गर्न जोड दिइनेछ ।

४) गाउँपालिका भित्रका सबै विद्यालय, स्वास्थ्य चौकी र प्रहरी युनिटहरुमा द्रूत गतिको ब्रोडब्याण्ड ईन्टरनेटको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

५) जिल्लामा सञ्चालनमा रहेका सञ्चारमाध्यमलाई आत्मनिर्भर र समृद्ध बनाउन विशेष प्याकेज सञ्चालन गरिनेछ भने यस क्षेत्रका सञ्चारकर्मी र पत्रकारको ब्यवशायीक विकास र दक्षता अभिबृद्धिका लागि क्षमता विकास तालिमहरु सञ्चालन गरिनेछ ।

७) जनतालाई सूचनाको सहज पहुँच पुर्याउन, पारदर्शीता कायम गर्दै शुसासन प्रबर्धनमा टेवा पु-याउन सञ्चार माध्यम मार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८)गाउँपालिकालाई प्रविधिमैत्री बनाउन नेपाल टेलिकमको अप्टिकल फाईबरको विस्तारका लागि सम्बन्धिीत निकायसँग समन्वय गरिनेछ ।

९) गाउँपालिकाको भिलेज प्रोफाइल Update गरिनेछ ।

**वन तथा वातावरण**

१) यस गाउँपालिका भित्र रहेका सबै सामुदायीक वनलाई पालिमा सूचिकृत गराई करको दायरमा ल्याउन ल्याइनेछ ।

५) गाउँपालिकाबाट स्वीकृत गरिएको वातावरण अनुकुलन योजना (LAPA) मा रहेको योजना तथा कार्यक्रमहरुलाई कार्यन्वयन जोड दिइनेछ ।

**सुशासन तथा सेवा प्रवाह**

१) नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ ले गरेको व्यवस्था मुताविक स्थानीय सरकारलाई पारदर्शी, जवाफदेही, जनताप्रति उत्तरदायी बनाउँदै समय समयमा सार्वजनिक परिक्षण, समाजिक परिक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रम र आमसंचार माध्यम मार्फत नियमित कार्यक्रमहरु संचालन गर्दै शुसासनको प्रबर्धनमा जोड दिइनेछ ।

३) गुनासो सुन्ने तथा उजुरी लिने प्रकृयालाई प्रभावकारी बनाइने छ भने गाउँपालिकाको समग्र विकास निर्माण र सेवा प्रवाहको अनगुमनलाई प्रभावकारी बनाउन नागरिक समाजका संस्थाहरु मार्फत तेश्रो पक्षद्वारा अनुगमन (Third party monitoring) गराउने व्यवस्था गरिनेछ ।

४) गाउँपालिकाको समग्र विकास निर्माण, र सेवा प्रवाह साथै प्रभावकारीताको जानकारी स्थानीय नागरिकसम्म पुऱ्यउनका लागि जिल्लाका एफ.एम. स्टेशनहरुबाट साप्ताहिक रुपमा ***समृद्धि*** रेडियो कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ ।

५) सेवा प्रवाहलाई सरल र नागरिकमैत्री बनाउन जोड दिइनेछ ।

६) पालिकाका कर्मचारीहरुको मनोवल उच्च राख्न, क्षमता विकास गर्नका लागि समयानुकुल प्रोत्साहन तथा पुनर्ताजगी तालिमहरुको व्यवस्था गरिनेछ ।

७) सार्वजनिक सेवा प्रवाह हुने सबै कार्यालय र स्थानहरुमा सिसि क्यामेरा जडान गरि पालिका बाटै मनिटरिङको व्यवस्थालाई निरन्तता दिइने छ ।

१०) पालिका स्तरीय विषयगत समितिमा सम्बन्धित विषयगत समितिका सदस्य साथै पालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतको अनिवार्य सहभागिताको सुनिश्चितता गरिनेछ ।

१०) बस्तिस्तरबाट छनौट तथा वडा सिमितिबाट प्राथमिकिकरण भई पेश हुन आएका योजना/कार्यक्रमहरु मध्ये सिमित श्रोतका कारण सम्बोधन हुन नसकेका योजनाहरुलाई प्राथमिकता अनुसार अगाडी बढाउनका लागि योजना बैंकको व्यवस्था गर्ने तथा श्रोतको व्यवस्था हुने अवस्थामा संग्रहित योजनालाई पहिलो प्राथमिकता दिइनेछ ।

११) विनीयोजीत योजना तथा कार्यक्रम आर्थिक बर्षको चैत्र मसान्त सम्ममा अनिवार्य सम्पन्न गर्नुपर्नेछ । उक्त समय अवधिमा सम्पन्न नगरेमा तत्कालको कार्यपालिका बैठकले उक्त योजनाको रकम योजना बैकमा रहेका योजना/कार्यक्रममा रकमान्तर गरि संचालन गरिनेछ ।

**११) यस गाउँपालिका भित्रका विकास निर्माण कार्य, सुशासन, सरोकारीत गतिविधीको जानकारी तथा सुझाव लिनका लागि एक सल्लाहाकर विज्ञ टोली गठन गर्न सकिने छ ।**

१२)नेचासल्यान गाउँपालिकालाई कार्यक्षेत्र बनाई कार्य गर्न आउने विज्ञ, समुह, राष्टिय तथा अन्तराष्ट्रिय संघ सस्थालाई अनिवार्य रुपमा गाउँपालिकामा दर्ता/सूचिकृत गराई कार्यसञ्चालन अनुमती प्रदान गरिनेछ ।

### महिला,वालवालिका जेष्ठ नागरिक तथा अपांगतर्फ

### महिला

१.एक महिला एक उत्पादन सीपको अवधारणा लागू गरी आत्मनिर्भरता तर्फ उन्मुख गराइने छ ।

२)विपन्न महिलाहरुलाई आर्थिक रुपमा सम्पन्न बनाउन महिला समुह, महिला सहकारी गठन तथा पुनर्गठन गरि आय आर्जनका क्रियाकलापमा सहयोग पुग्ने ठोस कार्यक्रम तथा योजना लागू गरिनेछ । जसका लागि एक समुह एक उद्यमशिलता कार्यक्रम संचालन गरिनेछ ।

३) महिलाहरुलाई आत्मनिर्भर बनाउन एक घर एक करेसाबारी (बेमौसमी तरकारी खेती) तथा आय आर्जनका कार्यहरुमा उत्प्रेरीत गरिनेछ ।

४) महिला समुह मार्फत बाखा, बंगुर तथा अन्य पशुपालनको लागि अनुदानको प्रबर्धन गरि महिला उद्यमशिलता विकास गरिनेछ ।

५ स्थानीय सस्कृतीहरुको संरक्षणमा सहयोग पुग्ने किसिमका स्थानीय उत्पादन (अल्लो, खाडी तथा अन्य सामाग्री) को प्रशोधन तथा निर्माण सम्बन्धि सीपको विकासमा जोड दिइने छ ।

४) विपन्न तथा पछाडी परेका वर्गका महिलाहरुलाई लक्षित गरी सशक्तीकरण कार्यक्रमहरु गरिनेछ ।

५)घरेलु हिंसा तथा महिला विरुद्ध हुने जुनसुकै प्रकारका हिंसा अन्त्य गर्न सुरक्षा निकाय तथा अन्य सार्वजनिक सरकोरावाहरुसँगको समन्वयमा चेतनामुलक कार्यक्रम संचालन गरिनेछ साथै पिडितको उद्धार र न्याय निरुपणका लागि पालिकको महिला शाखाको मातहत रहने गरि सुरक्षा निकाय र सरोकारवाला सम्मिलित क्विक रेस्पोन्स टिम गठन गरिनेछ ।

६) गत आर्थिक बर्षको निती तथा कार्यक्रम समावेश गरिएका निती तथा कार्यक्रमहरु निरन्तरता दिइने छ ।

**बालबालिका**

१.गत आव देखी संचालनमा ल्याइएको बालिका बचत खाता कार्यक्रमलाइ निरन्तरता दिदै बालिकाको उमेर १० बर्ष नपुगुन्जेल बार्षिक २ हजार थप गरिने छ साथै विदेशमा बसेका यस गाउँपालिकाका स्थाई ठेगाना भएका अभिभावकहरुबाट छोरी जन्मेको खण्डमा विश्वको जुनसुकै देशमा भए पनि आवश्यक प्रकृया पुरा गरेर उक्त बालिका बचत कार्यक्रम लागू गरिनेछ ।

२. पालिका भित्रका बालबालिकाहरुको क्षमता प्रस्फुटित गराउनका लागि बालक्लब, बालसंजाल र किशोरी समुहहरु गठनगरि क्षमता अभिबृद्धि कार्यक्रम संचालनमा जोड दिइनेछ ।

३. उमेर पुगेर पनि विभिन्न कारणले विद्यालय भर्ना नभएका बालबालिकालाई विद्यालय भर्ना गराउन पालिका समुदाय साझेदारीमा विशेष अभियान संचालन गरिनेछ ।

४. बालश्रम मुक्त पालिका निर्माणका लागि सरोकारवालाहरुसँग छलफल पछि विशेष रणनीति अवलम्बन गरिनेछ ।

**अपाङ्ग**

१) अपाङ्ग र असहाय व्यक्तिहरुको समस्या र आवश्यक्ताको पहिचान गरि ह्विल चियर, बैशाखी जस्ता जीवनयापनमा सहज हुने सामाग्री प्रदान गरिनेछ ।

२) अपाङ्गता भएका व्यक्ति तथा असहायका ज्ञान एवं सीपहरुको प्रोफाईल बनाई अध्यावधिक गरिनेछ ।

३) अपाङ्ग र असहाय ब्यक्तिहरुले अगाडी सारेका कृषि तथा लघु उद्यम सम्बन्धि परियोजनालाई अनुदान दिने

४) अपाङ्गता भएका व्याक्तिहरुको जीवनयापनलाई सहज बनाउन तथा उनीहरुको मनोबल उच्च राख्नका लागि सीपमुलक कार्यक्रम संचालन गर्नुका साथै अपाङ्गता भएका व्यक्तिहरुलाई समाजले हेर्ने दृष्टिकोणलाई सकरात्मक बनाउने किसिमका चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

५) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक भौतिक संरचनाहरु निर्माण गर्दा अपाङ्गमैत्री बनाउन विशेष पहल गरिनेछ ।

**ज्येष्ठ नागरिक/सामाजिक सुरक्षा**

१. बृद्धभत्ता तथा अन्य सामाजिक सुरक्षा भत्तालाई थप सहज बनाउन बैंक तथा वित्तिय संस्थाहरुसँग सम्झौता गरी वडा कार्यालय र घरघरमै वितरणको व्यवस्थालाई निरन्तरता दिदै ७५ बर्ष माथिका जेष्ठ नागरिकहरुलाई तीर्थ यात्राको व्यवस्था गरिनेछ ।

२. जेष्ठ नागरिकहरुसँग रहेको संस्कार, अनुभव, तथा सामाजिक व्यवहारलाई भावि युवा पुस्तामा अन्तरक्रियाको माध्यमबाट हस्तान्तरण गर्न अन्तर पुस्ता हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।

३. दीर्घ रोग भएका बृद्धबृद्धालाई घरघरमै स्वास्थ्यजाँच तथा नेपाल सरकारले प्रदान गर्ने सबै प्रकारका औषधीहरु निःशुल्क उपलब्ध गराइने छ ।

## विपद् व्यवस्थापन

प्राकृतिक विपत्तिलाई कसैले टार्न नसके पनि यसको रोकथाम तथा संभावित क्षतिको न्युनिकरणका लागि तपशिल बमोजिमको निती अवलम्बन गरिनेछ :

१) गाउपालिका तथा वडा स्तरमा गठित विपद व्यवस्थापन समितिलाई सक्रिय गर्दै विपद प्रतिकार्य योजना तयार गरि विपदको अवस्थामा सबै क्षेत्र एकजुट भइ विपद व्यवस्थापनका तयारी दलको व्यवस्था गरिनेछ ।

२) ठाउँ अनुसारको संभावित प्राकृतिक विपदलाई मध्यनजर गरि विपदग्रस्त ठाउँहरुमा जनताले चिन्ने गरि विभिन्न संकेत चिन्हहरु खडा गरिनेछ ।

३) विपद सम्बन्धि पुर्व सूचना दिने पुराना तथा नयाँ प्रविधि (साईरन, सिसि क्यामेर आदि) को अधिकतम प्रयोग गर्न प्रयास गरिनेछ ।

४) विपद पछि जनजीवनलाई सामान्य बनाउन तत्कालिन, मध्यकालिन र दिर्घकालिन कार्यबारे बालबालिका, महिला, ज्येष्ठ नागरिकलाई तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु संचालन गर्न पहल गरिनेछ ।

५) विभिन्न विपद्हरुको रोकथाम तथा नियन्त्रणका लागि प्रदेश, संघीय सरकारका निकाय तथा गैर-सरकारी संघ-संस्थासँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## राजश्व तथा कर प्रशासन

१. पालिका भित्रका सबै व्यवसाय (होटल, पसल, उद्योग आदि) लाई पालिकामा अनिवार्य सूचिकृत गरि करको दायरामा ल्याइनेछ । करको दायरा बढाउन जनचेतनामुलक र रणनैतिक कार्यक्रम तर्जुमा गरिनेछ ।

२. राजश्व संकलन कार्यलाइ प्रविधि मैत्री वनाउदै पालिकाको दिगो आम्दानीका श्रोतहरुको पहिचान गरि करको दायरा बढाईने छ ।

४) गाउँपालिका भित्र सञ्चालनमा रहेको लघुजलविद्युत आयोजनाबाट महसुल संकलन गर्ने निती अबलम्बन गरिनेछ साथै पालिका भित्रका ढुंगा, गिटी, बालुवा, माटो, स्लेट उत्खनन तथा प्रयोगका लागि वातावरणीय प्रभाव मुल्याकंनको प्रक्रिया पुरा गराई अघि बढाइने छ ।

## रोजगारी

१) गाउँपालिकामा बेरोजगार उन्मुलनका लागि युवालाई कुक, प्लम्बर, वाईरिङ, कृषि लगायत रोजगारमुलक तालिम दिई रोजगारी सृजना गरिनेछ ।

२) पालिका भित्र संचालित साना तथा ठूला परियोजनाहरुमा स्थानीयलाई रोजगारको सुनिश्चितता प्रदान गर्न सहजिकरण गरिनेछ ।

३) साना ब्यवशायी तथा उद्यमीहरुलाई सहुलियत दरमा कर्जा उपलब्ध गराउन राष्ट्रिय वाणिज्य वैकसँग सम्झौता गर्ने कार्य अगाडी बढाई युवा स्वरोजगारको सुनिश्चितता गरि विदेश पलायनलाई निरुत्साहित गरिनेछ ।

४) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वेरोजगार व्यक्तिहरुलाई निर्धारित मापदण्ड बमोजिम रोजगारी दिने कार्यलाई निरन्तरता दिइनेछ। साथै पालिका अन्तर्गत सबै वडामा बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन गरी बेरोजगार व्यक्तिको सूचीलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५) स्टार्टअप विजिनेशको रुपमा हेयर कटिङ, वाईरिङ, जुत्तासिलाई, ग्याविन तारजाली बुनाइ, बेतबाँस, कुकिङ, ड्राईभिङ, व्यूटिपार्लर तालिम दिएर उद्यमीको विकास गरि रोजगारी सृजना गरिनेछ ।

उद्योग

२. पालिका क्षेत्रभित्र रहेका परम्परागत सीपहरु भाँडाकुडा, सिलाइ, छालाजुत्ता लगायतका सीपहरुलाई व्यवसायीकरण गरिनेछ ।

३.विभिन्न गैह्रसरकारी निकायसँगको समन्वय र सहकार्यमा नयाँ उद्यमी विकास गरिनेछ ।

**खेलकूद**

१.खेलको विकासका लागि प्रत्येक वडामा वडा स्तरीय खेलकुद समिती गठन गरिने । गठीत समितीले परम्परागत खेलहरु डण्डिवियो, बाघचाल, कबड्डि, व्याटमिन्टन टेबलटेनीस, फुटबल भलिबल र अन्य खेल संरक्षण र प्रबर्धन गर्न सहजीकरण गरिनेछ साथै उक्त समितीले बार्षिक रुपमा एक पटक खेल कार्यक्रम आयोजना गर्नुपर्नेछ ।

२) वडा नम्बर १ को खेल मैदान निर्माणका लागि डि पी आर तयार भएकाले निर्माणका लागि संघ तथा प्रदेशमा सरकारसंग समन्वय गरिने साथै खेल मैदान नभएका वडामा न्यूनतम एकवटा खेलमैदान हुने गरी खेलकूद मैदान निर्माण र स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ ।

३) नेचा र सल्यानमा सुविधा सम्पन्न २ वटा कवर्ड हल निर्माणको लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

**वित्त तथा सहकारी**

**१) नेचासल्यान गाउपालिकालाई समेत आफ्नो कार्यक्षेत्र बनाई कार्यारत बिभिन्न बित्तिय संस्था लाई गाउपालिकामा अनिवार्य दर्ताको व्यवस्था गरीनेछ ।**

१) गाउपालिकामा रहेका सहकारी संस्थाहरुलाई उद्धेश्यानुसारको कार्यमा सक्रिय गराई आय आर्जन, सामाजिक विकास, चेतनामूलक कार्यक्रम संचालनमा सहकार्य गरीनेछ ।

**धर्म संस्कृति**

१)विभिन्न मठ मन्दिर गुम्बा तथा धार्मिकस्थलहरुको भौतिक पूर्वाधार मर्मत सम्भार एवं आवश्यक जिर्णोद्वार गरिने कार्यलाई निरन्तरता दिईने छ ।

२)पालिका क्षेत्रभित्र रहेको सम्पूर्ण धर्म संस्कृति र संस्कारको जगेर्ना गर्न विशेष भूमिका निर्वाह गरिनेछ ।

३) पालिका भित्र विभिन्न जातजातिहरुको मौलिक संस्कृतिको रुपमा रहेको सेग्रो, मारुनी नाच, बालन, शेब्रु, पन्चेबाजा, फेरी लगाउने आदिको संरक्षण तथा प्रबर्धन गरिनेछ ।

न्याय निरुपण

१.नेचासल्यान गाउँपालिकाको न्यायीक समिती अन्तर्गतका मेलमिलापक कर्ताहरुको क्षमता अभिबृद्धिमा थप गरी टोलटोलमै न्याय निरुपण गर्ने कार्यलाई निरन्तता दिइने छ भने टोल तथा वडामै मेलमिलापको माध्यमबाट न्याय निरुपण गर्दा प्रति निवेदन प्रोत्साहान रकम दिइने छ ।

आदरणीय सभाध्यक्षज्यू,

आर्थिक बर्ष २०८०/०८१ को बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधन सहित), अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, गाउँपालिकाका योजना तर्जुमा सम्बन्धी मार्गदर्शन (परिमार्जन सहित) २०७४ र यस गाउँपालिकाका बजेटका क्षेत्र तथा सीमाले निर्दिष्ट गरेका योजना तर्जुमा प्रकृयालाई आधार मानिएको छ। संघीय सरकार र प्रदेश सरकारद्वारा प्रस्तुत नीति कार्यक्रम तथा बजेट र जनप्रतिनिधिहरुको छलफल तथा विभिन्न चरणमा पेश गरेका निवेदनहरु साथै गाउँसभा सदस्यहरुले स्थानीयहरुसँग संकलन गरिएका मागहरुलाई समेत समावेश गरिएको छ । अघिल्लो आ.व.मा सञ्चालन तथा सम्पन्न हुन नसकेका आयोजनाहरु समेत समेटिएका छन । सभामा प्रस्तुत गाउँपालिकाको नीति तथा कार्यक्रमलाई सफल र प्रभावकारी रूपमा कार्यान्वयन गर्न विनियोजन ऐन, २०८० तथा आर्थिक ऐन २०८० लाई सम्मानित सभाबाट स्वीकृत गर्न प्रस्ताव गरेका छौं ।

यस निती तथा कार्यक्रमको सफल एव प्रभावकारी कार्यान्वर्यनका लागि सम्वद्ध सबै पक्षबाट सदा झैं निरन्तर सहयोगको अपेक्षा गर्दै वार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमा कार्यमा सक्रिय एवम् रचनात्मक सहयोग पुऱ्याउनु हुने सम्पूर्ण गाउँपालिवासीहरूप्रति आभार व्यक्त गर्न चाहन्छौं । साथै बजेट, नीति तथा कार्यक्रम वाचन गरिरहेको क्षणमा यस गरिमामय सभामा उपस्थित सबै विशिष्ट महानुभावहरूलाई हामी हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । धन्यवाद ‼ नमस्कार

मिति २०८० अषाढ ३० गते ।